# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं.:०७६/७७
च.न.:

मितिः-२०७६/०९/२१

**विषयः- राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा विद्यार्थीहरुलाई अनिवार्य सहभागी गराउने सम्बन्धी सूचना ।**

श्री सामुदायिक विद्यालय (मा.वि./नि.मा.वि.),
सत्यवती गाउँपालिका, गुल्मी ।

प्रस्तुत विषयमा सत्यवती गाउँ कार्यपालिकाको मिति २०७६/०९/२० को निर्णयानुसार तपशीलको मिति, स्थान, समय र खेलुकदहरुमा चालु शैक्षिक सत्रमा नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु बीच आ-आफ्नो समुहमा सत्यवती गाउँपालिका भित्र **अन्तरविद्यालय स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता** सञ्चालन गरिने भएकोले उक्त प्रतियोगितामा त्यस विद्यालयबाट विद्यार्थीहरु अनिवार्य रुपमा सहभागी गराउनुहन अनुरोध छ ।

तपशीलः-

प्रतियोगिता सञ्चालन हुने मितिः-२०७६ माघ ६,७ र ८ गते ।
समयः- ६ गते बिहान १०:३० बजे देखि र ७ र ८ गते बिहान ७:३० बजे देखि ।
स्थानः- सत्यवती खेलकुद मैदान (सत्यवती-६,खल्लुकारुख) ।
खेलकुदहरुः

| क.सं. | खेलकुद क्रियाकलापहरु | सहभागी गराउन सकिने संख्या | | | प्राप्त हुने प्रासाङ्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | प्रथम | द्धितीय | तृतीय | |
| १ | भलिबल | ९ | ९ | १८ | ७/७ | ५/५ | ३/३ | T.T.System |
| २ | कवड्डी | ९ | ९ | १८ | ७/७ | ५/५ | ३/३ | |
| ३ | हाईजम्प | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ४ | लङ्गजम्प | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ५ | त्रिपलजम्प | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ६ | सटपुट | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ७ | ज्याभलिङ थ्रो | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ८ | दौड १०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ९ | दौड २०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १० | दौड ४०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ११ | दौड ८०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १२ | दौड १५०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १३ | दौड रिले ४* १००मिटर | ४ | ४ | ८ | ४/४ | ३/३ | २/२ | |

प्रमुख प्रशासकीय अधि

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग गुल्मी
५ नं. प्रदेश, नेपाल

पुनश्चः सहभागी हुने विद्यालयले खेलकुदको विवरण र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७०( तेश्रो संशोधन २०७५/१०/२१सहित) को अनुसुची-१ मा उल्लेखित फारम खेलाडी विद्यार्थीबाट भराई निजको फोटोमा समेत प्रधानाध्यापकले प्रमाणित गरी अनिवार्य रुपमा सहभागी परिचय पत्र सहित विद्यालयको लेटरप्याडमा सहभागी विद्यार्थीहरुको नाम, थर, जन्ममिति, उमेर, कक्षा र रोल नं. सहितको विवरण नामावली माघ ३ गते अपराह्न ४:०० बजे सम्म शिक्षा, युवा तथा खेलकुद शाखामा उपलव्ध गराउनु पर्नेछ । खेलकुदमा भाग लिन आउँदा अनिवार्य रुपमा एक जना शिक्षकको साथमा विद्यार्थीहरुलाई ल्याउने र सुरक्षितसाथ राख्ने साथै अनुशासनका साथमा भाग लिन लगाउने गर्नुपर्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ । हरेक खेलहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (तेश्रो संशोधन २०७५/१०/२१सहित) मा भएको प्रावधान अनुसार नै संचालन गरिने र खेल संचालनको क्रममा कुनै विवाद र द्विविधा उत्पन्न भएमा आयोजकको निर्णयनै अन्तिम हुनेछ ।

२०७६।९।२९

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत